| | | |
|---|---|---|
| (१६०) | श्री सौगात पौड्याल | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| (१६१) | श्री बन्दना जोशी | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| (१६२) | श्री नेत्रबहादुर राना | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| (१६३) | श्री विशाल खनिया | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |

**आज्ञाले,**
**डा. प्रवीण मिश्र**
**नेपाल सरकारको सचिव**

## नेपाल सरकार
## अर्थ मन्त्रालयको
### सूचना १

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल नेत्रज्योती संघ नामको गैर सरकारी संस्थाद्वारा सञ्चालित कार्यक्रमका लागि Johns Hopkins University, USA बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ५४,०१८.०० (चौवन्न हजार अठार) मूल्य बराबरको आँखा उपचारमा प्रयोग हुने Biomass Cook Stove तीन हजार एक थान आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषदसँग आवद्ध भई कार्यरत अपाङ्ग बाल अस्पताल तथा पुर्नस्थापना केन्द्र, काभ्रे नामक गैर सरकारी संस्थाद्वारा सञ्चालित कार्यक्रमका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लागि Terre des hommes बाट उपहार स्वरुप प्राप्त भई Mobility India Kolkata बाट खरिद गरिने भा.रु. ४,२५,५७२.०० (चार लाख पच्चीस हजार पाँच सय बहत्तर) मूल्य बराबरको अपाङ्ग सहायक सामग्री निर्माण गर्ने कच्चा तथा अर्ध कच्चा सामग्रीहरु आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी तीलगंगा आँखा केन्द्रका लागि The Fred Hollows Foundation, Australia बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ५०,२००.५० (पचास हजार दुई सय सेन्ट पचास) र यूरो १३,४०३.२५ (तेह्र हजार चार सय तीन सेन्ट पच्चीस) मूल्य बराबरको आँखा उपचारमा प्रयोग हुने Screw Neck Vial, Single Unit Carton, Vial Blister समेतका सामग्रीहरु आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी तीलगंगा आँखा केन्द्रका लागि The Fred Hollows Foundation, Australia बाट उपहार स्वरुप प्रदान गरिने यूरो १०,३१०.०४ (दश हजार तीन सय दश सेन्ट चार) र अमेरिकी डलर २८,९३८.०० (अट्ठाईस हजार नौ सय अठ\तीस) तथा Himalayan Cataract Project, USA बाट उपहार स्वरुप प्रदान गरिने CHF २५,९०० (पच्चीस हजार नौं सय) मूल्य बर ाबरको आँखा उपचारमा प्रयोग हुने Blister Items, Coverall Items र Phaco Emulcification System समेतका सामग्रीहरु आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



१३५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ५

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी तीलगंगा आँखा केन्द्रका लागि The Fred Hollows Foundation, Australia बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर १,१३,०५०.०० (एक लाख तेह्र हजार पचास) तथा Himalayan Cataract Project, USA वाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ९१,२५०.०० (एकानब्बे हजार दुई सय पचास) मूल्य बराबरको आँखा उपचारमा प्रयोग हुने Pheco Machine, Slit Lamp र Lens Case Blue समेतका सामग्रीहरु आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ६

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आवद्ध भई कार्यरत आनन्दवन अस्पताल, ललितपुरका लागि The Leprosy Mission, Ireland बाट उपहार स्वरुप प्रदान गरिने पाउण्ड स्टर्लिङ ३००.०० (तीन सय) मूल्य बराबरको Blankets र Hats समेतका लत्ताकपडाहरुको आयातमा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ७

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आवद्ध भई कार्यरत Health Care Foundation Nepal नामक गैर सरकारी संस्थाद्वारा सञ्चालित राष्ट्रिय मृगौला उपचार केन्द्र, बालाजुका लागि Fresenius Medical Care Korea Ltd., South Korea बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर २०,०००.०० -बीस हजार) मूल्य बराबरको पाँच थान Hemodialysis Machine आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



४६४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ८

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी वी.पी. कोईराला मेमोरियल क्यान्सर अस्पताल भरतपुर, चितवनको लागि MDS Nordion S.A., Belgium बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर २,०००.०० (दुई हजार) मूल्य बराबरको Brachytherapy Unit को Radiation Source को आयातमा भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ९

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी धुलिखेल अस्पताल, धुलिखेलका लागि NepaliMed Luxembourg बाट उपहार स्वरुप प्रदान गरिने भा.रु. ३७,५०,०००.०० (सैंतीस लाख पचास हजार) र यूरो २५,०००.०० (पच्चीस हजार) मूल्य बराबर को PMS Laser Platform System र Dental Assessories समेतका स्वास्थ्य सामग्री तथा उपकरणहरु आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १०

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी शीर मेमोरियल अस्पताल, वनेपाका लागि International Relief and Development, USA बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर २,०००.०० (दुई हजार) मूल्य बराबरको अल्ट्रासाउण्ड मेशिन समेतका स्वास्थ्य सामग्रीहरु आयातमा भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ११

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल योल्मो समाज सेवा संघ, काठमाडौंका लागि Karma



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Dhargye Choeling Dharma Center R.O.C., Taiwan बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ८००.०० (आठ सय) मूल्य बराबरका झोलाहरु पाँच हजार थान आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १२

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल टेलिभिजनका लागि Elettronika, Italy बाट खरिद गरिने अमेरिकी डलर २,१९,११३.०० (दुई लाख उन्नाइस हजार एक सय तेह्र) मूल्य बराबरका ट्रान्समिटर तथा स्पेयर पार्ट्सहरु आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल मात्र छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १३

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी काठमाडौं विश्वविद्यालय, धुलिखेलका लागि The Academy of Sciences for the Developing World (TWAS), Italy बाट अनुदान स्वरुप प्रदान गरिने अमेरिकी डलर ९,४९३.०० (नौ हजार चार सय त्रियानब्बे) मूल्य बराबरको Photo Luminescence Spectrometer थान एकको आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**आज्ञाले,**
**राजीव गौतम**
**सहसचिव**



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।–
गो.हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।